# नेपाल सरकार
# अर्थ मन्त्रालय
## (बजेट तथा कार्यक्रम महाशाखा)

पत्र संख्याः-२०७८/७९
च. नं.:- ६६

सिंहदरबार, काठमाडौं
नेपाल ।
मितिः २०७८/५/२१

**विषयः खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धमा ।**

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय

कोभिड-१९ संक्रमणका कारण बन्दाबन्दी तथा निषेधको आदेश जारी भई साविकमा सञ्चालित खरिद सम्बन्धी ठेक्का सम्झौता बमोजिमका कार्य निर्धारित म्याद भित्र सम्पन्न हुन नसकेकोले खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/५/३ को बैठकबाट देहाय बमोजिम निर्णय भएको हुँदा सोही अनुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

क. कोभिड-१९ को पहिलो तथा दोस्रो लहर नियन्त्रणको लागि जारी भएको बन्दाबन्दी तथा निषेधको आदेश जारी हुनु पूर्व वा आदेशको अवधिभित्र सम्झौता भएका तर त्यस्तो बन्दाबन्दी वा निषेधको आदेशको कारण काम सम्पन्न हुन नसकेका चालु अवस्थामा रहेका खरिद सम्झौताको म्याद सम्बन्धित आपूर्तिकर्ता, निर्माण ब्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको निवेदनका आधारमा बोलपत्र स्वीकृत गर्ने पदाधिकारीले म्यांद थपको आवश्यकता र औचित्य विश्लेषण गरी नेपाल सरकारलाई थप लागत वा दायित्व नपर्ने र म्याद थप वापत आर्थिक वा अन्य कुनै दायित्व नपर्ने गरी त्यस्तो खरिद सम्झौताको म्याद बढीमा २०७८ साल चैत्र मसान्तसम्म थप गर्ने।

ख. बुंदा (क) बमोजिम म्याद थप गर्नुपर्ने देखिएको सम्झौताको म्याद थप सम्बन्धी निर्णय एक महिनाभित्र गरी सो को जानकारी सम्बन्धित मन्त्रालय, सचिवालय, आयोगको सचिव वा विशिष्ट श्रेणीको पदाधिकारीलाई दिने। सम्बन्धित सचिव वा विशिष्ट श्रेणीको पदाधिकारीले उपर्युक्त बमोजिम समयमा निर्णय गरे नगरेको, सम्झौता म्याद थप भएपछि समयमा काम सम्पन्न भए नभएको, सम्झौता बमोजिमको काम सम्पन्न भएपछि समयभित्र फरफारक गरे नगरेको र काम सम्पन्न नभएका सम्झौताको सम्बन्धमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको कारवाही समयमै गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने र सो को प्रतिवेदन मासिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

२०७८/०५/२१

(मातृका नेपाल)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np